मानननीय आर्थिक मामिला तथा योजना मन्त्री
बहादुर सिंह लामा (तामाङ्ग)ले
प्रदेश सभामा प्रस्तुत गर्नु भएको

विनियोजन विधेयक, २०८० का

# सिद्धान्त र प्राथमिकता

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल
२०८० जेठ

## माननीय सभामुख महोदय

१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को व्यवस्था अनुरुप प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतमा यस गरिमामय सभा समक्ष विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थिति भएको छु।

२. नेपालको संविधानको भावना र मर्म बमोजिम प्रदेशको संस्थागत सबलीकरण गर्दै संघीय शासन प्रणालीलाई थप प्रभावकारी र जनमुखी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको छ। वर्तमान सरकारमाथि प्रदेशको आर्थिक सामाजिक विकास र शासन व्यवस्था सुदृढीकरणका कार्यहरु तीब्रताका साथ अघि बढाउने जिम्मेवारी प्राप्त भएको छ।

३. हाम्रो सामु दिगो विकाश लक्ष्य हासिल गर्ने, रोजगारी सिर्जना गर्ने, प्रभावकारी सेवा प्रवाह गर्ने, सार्वजनिक खर्चलाई पुँजी निर्माणमा केन्द्रित गर्ने, साधारण खर्च कटौती गर्ने र पुँजीगत खर्चको प्रभावकारिता बढाउँने तथा तोकिएको समय भित्रै विकास आयोजना सम्पन्न गर्ने चुनौती रहेको छ।

४. संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी आर्थिक-सामाजिक विकासको गतिलाई अगाडि बढाउनुपर्नेछ। प्रदेशलाई लगानी मैत्री प्रदेशको रुपमा विकास गरी राष्ट्रिय लगानीकर्ताहरुलाई विशेष सुविधा सहित लगानीको वातावरण तयार गर्नु पनि प्रदेश सरकारको महत्वपूर्ण कार्यसूचीको रुपमा रहनुपर्नेछ।

५. प्रदेशमा उपलब्ध स्रोत र साधनको कुशलतम र न्यायोचित उपयोग मार्फत प्रदेशको आर्थिक वृद्धि गर्ने र प्रदेशावासीको जीवनस्तरमा सुधार गर्ने दायित्व वर्तमान गठबन्धन सरकारमा रहेको छ। प्रदेशको सन्तुलित विकाश र प्रदेशवासीको आर्थिक सामाजिक उन्नति नै वर्तमान सरकारको मुख्य ध्येय रहेको छ।

६. कोभिड-१९ महामारीको प्रभाव सामान्य हुँदै गएसँगै विस्तारै लयमा आउँदै गरेको मुलुकको अर्थतन्त्रको गतिशिलतालाई अन्तराष्ट्रिय घटनाहरु र विश्व अर्थतन्त्रमा आएको सुस्तताले नकारात्मक प्रभाव पारेको छ। बाह्य क्षेत्र असन्तुलन र वित्तीय साधनको प्रवाहमा भएको कमीले आन्तरिक उत्पादन क्षमतामा संकुचन आएको तथ्य हामी सबैमा अवगतै छ।

७. मुलुकको आर्थिक वृद्धिमा आएको अवरोधको प्रभाव प्रदेशको आर्थिक अवस्थामा समेत देखा परेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष मुलुकको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.१६ रहने अनुमान गरेको छ। साथै, प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा १.४ मात्र रहने अनुमान रहेको छ। आगामी आर्थिक वर्षको बजेट प्रदेशको आर्थिक क्षेत्रहरुलाई चलायमान बनाउने गरी केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ।

८. प्रदेश स्थापनाका पाँच वर्षको अनुभवका आधारमा प्रदेशको संस्थागत सबलीकरण, सामाजिक क्षेत्र विकास र सार्वजनिक सेवा प्रवाहको सुदृढीकरणको कार्य समेतलाई प्राथमिकीकरण गरी अघि बढाउनु पर्ने आवश्यकता रहेको छ।

९. आर्थिक सामाजिक विकासमा पछि परेको क्षेत्र, वर्ग लिंग, जातजाति र समुदायको उत्थानका लागि विशेष नीति अवलम्वन गर्नु र प्रदेश सरकारको लगानी सिमान्तीकृत समुदायको मूल प्रवाहीकरणमा केन्द्रित गर्नु अपरिहार्य छ।

१०. प्रदेशको आयको अधिकांश हिस्सा संघीय सरकारबाट हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँडको रकममा निर्भर रहेको छ। प्रदेशको आन्तरिक आय परिचालनलाई प्रभावकारी र दिगो बनाउन थप प्रयास गर्नु पर्ने देखिन्छ।

११. प्रदेशको विद्यमान स्रोत र साधनको प्रभावकारी उपयोग गरी प्रदेश भित्र रोजगारी सिर्जना र सामाजिक क्षेत्र विकास मार्फत गरिबी निवारणका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने तर्फ विशेष जोड दिनुपर्ने छ।

१२. प्रदेशको उल्लेख्य जनसंख्या कृषि र सेवा क्षेत्रमा आश्रित भएको तथ्यलाई आत्मसाथ गरी यी क्षेत्रहरुको प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

**माननीय सभामुख महोदय**

१३. आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरु तर्जुमा गर्दा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र राज्य शक्तिको बाँडफाँड सम्बन्धमा संविधानले प्रदेशलाई निसृत गरेको अधिकारलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु। साथै, प्रदेश योजनाले लिएको लक्ष्य हासिल गर्ने र बागमती प्रदेश सरकारले प्रदेशको आर्थिक सामाजिक विकास र प्रदेशको संस्थागत सबलीकरणका लागि गरेका निर्णयहरुको व्यवहारिक प्रयोग सुनिश्चित गर्ने गरी प्राथमिकता तय गरेको छु ।

**माननीय सभामुख महोदय**

अब म विनियोजन विधेयक, २०८० का सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१४. संविधानले परिकल्पना गरे बमोजिम समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने दिशामा सघाउ पुग्ने गरी आगामी बजेट तर्जुमा गरिनेछ। साथै, प्रदेशको संस्थागत विकास र सबलीकरण गरी प्रदेशलाई संविधानले प्रदान गरेका अधिकार क्षेत्रभित्रको दायित्व पूरा गर्न बजेट केन्द्रित गरिनेछ।

१५. आगामी आर्थिक वर्ष सार्वजनिक सेवा प्रवाह, आर्थिक पूर्वाधार निर्माण र सामाजिक क्षेत्रमा प्रदेश सरकारको लगानी अभिवृद्धि गरिनेछ। आर्थिक वृद्धिबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गरी प्रदेशमा आर्थिक असमानता न्यून गर्दै लगिनेछ।

१६. पर्यटन क्षेत्रलाई प्रदेश सरकारको विशेष आर्थिक क्षेत्रको रुपमा विकास गरिनेछ। पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत रोजगारी सिर्जना गर्न बजेट केन्द्रित हुनेछ। पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा निजी क्षेत्रसँग थप सहकार्य गरिनेछ।

१७. विपद् जोखिम न्यूनिकरण एवं उत्थानशीलता अभिवृद्धि गर्न लगानी गरिनेछ। विपद् व्यवस्थापनमा स्थानीय तह, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ। भौतिक पूर्वाधार विकासमा विपद् व्यवस्थापनलाई आन्तरिकीकरण गर्न बजेट केन्द्रित गरिनेछ।

१८. रोजगारी र स्वरोजगारीका अवसरहरुको सिर्जनाका लागि युवाहरुलाई व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गर्न र वित्तीय सहयोग उपलब्ध गराउन बजेट केन्द्रित गरिनेछ। सूचना प्रविधिको विकास र वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा युवाहरुलाई उत्प्रेरित गर्न लगानी अभिवृद्धि गरिनेछ।

१९. आर्थिक विकासका लाभहरुको समन्यायिक वितरण र उत्पादनका साधनमा सीमान्तीकृत समूह तथा समुदायको पहुँच अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। पिछडिएको क्षेत्र वर्ग र समुदायलाई आर्थिक गतिविधिमा मूलप्रवाहीकरण गरी समावेशी आर्थिक विकासको आधार तयार गरिनेछ।

२०. कृषि क्षेत्रको व्यवसायीकरण र रुपान्तरण मार्फत खाद्य सुरक्षा प्रत्याभूत गरिनेछ। कृषि उद्यमका माध्यमबाट ग्रामीण क्षेत्रको विकास, रोजगारी सिर्जना र गरिबी निवारण गर्न बजेट केन्द्रित हुनेछ। कृषि क्षेत्र सम्बद्ध कार्यक्रमहरुको कार्यन्वयनमा स्थानीय तह र सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइनेछ।

२१. स्थानीय तहको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक स्रोत परिचालन गर्दै वित्तीय संघीयतालाई थप प्रभावकारी बनाइनेछ। स्रोत व्यवस्थापन विशेष गरी राजस्व बाँडफाँड र खर्च लेखाङ्कनलाई सरल र सहज बनाउँन प्रभावकारी समन्वय गरिनेछ। आयोजना व्यवस्थापनमा तहगत समन्वय र सहकार्य थप सुदृढ गर्ने तर्फ बजेट लक्षित हुनेछ।

२२. कार्यक्रम तथा आयोजनालाई प्राथमिकीकरण गरी साधन उपलब्ध गराइनेछ। प्रदेश गौरवका आयोजना, अधुरा आयोजना र क्रमागत आयोजनाहरुलाई आवश्यक स्रोत व्यवस्थापन गरिनेछ। विनियोजित बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चत गर्न विनियोजन कुशलता अभिवृद्धि गर्नुका साथै वित्तीय अनुशासन कायम गर्न बजेट केन्द्रित गरिनेछ।

२३. वित्तीय साधनको मितव्ययी प्रयोग र आर्थिक अनुशासन कायम गर्न आवश्यक कदमहरु चालिनेछ। प्रदेश सरकारको आयमा आएको संकुचन र मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गरी चालु खर्च कटौती गर्दै लगिनेछ।

२४. आगामी बजेट मार्फत आम नागरिकलाई थप आर्थिक बोझ नपर्ने गरी करको दायरा विस्तार गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने र नीतिगत तथा संरचनात्मक सुधार गरी प्रदेशको आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाई प्रदेशको आयलाई क्रमशः दिगो बनाउँदै लगिनेछ। प्रदेशको आयमा आन्तरिक राजस्वको योगदान बढाउँदै लगिनेछ।

२५. प्रदेशको अधिकार क्षेत्रभित्रका सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन बजेट केन्द्रित गरी सेवा प्रवाहलाई जनमुखी र नतिजामुखी बनाइनेछ। एकीकृत सेवा प्रवाह, सार्वजनिक सेवा प्रवाहमा आधुनिक प्रविधिको उपयोग मार्फत सेवा प्रवाहमा सेवाग्राहीको पहुँच अभिवृद्धि गरिनेछ।

२६. नेपाल सरकार र स्थानीय तहसँग कार्य जिम्मेवारीका विषयहरुमा सहकार्य र समन्वय अभिवृद्धि गर्दै प्रदेशको शासन सञ्चालनमा कार्यकुशलता कायम गरिनेछ।

**माननीय सभामुख महोदय**

विनियोजन विधेयक, २०८० का प्राथमिकताहरु देहाय बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु।

१. **प्रदेशको संस्थागत विकास र सबलीकरणः-** प्रदेशका संरचनाहरुको पुनरावलोकन गर्ने, कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, प्रदेश मन्त्रालय/निकाय र कार्यालयहरुको भौतिक संरचना निर्माण गर्ने, प्रदेश कानून तर्जुमा गर्ने, प्रदेश सरकारको जनशक्ति व्यवस्थापन गर्ने, प्रदेशको सेवा प्रवाहलाई थप व्यवस्थित गर्न एकीकृत सेवा कार्यालय स्थापना गर्ने।

२. **पूर्वाधार विकासः-** प्रदेशको सन्तुलित आर्थिक विकासको लागि भौतिक पूर्वाधारको विकास गर्ने, प्रदेश राजधानीलाई संघीय राजधानीसँग जोड्ने सडकको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने, प्रदेश गौरव आयोजनाहरुको निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्ने, अधुरा आयोजनाहरु सम्पन्न गर्ने, प्रदेश सडक गुरुयोजना अनुसार सडक निर्माण गर्ने, प्रदेश लोक मार्गहरुको विस्तार र स्तरोन्नति गर्ने, विद्यमान भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार गर्ने।

३. **कृषि क्षेत्रको विकासः-** कृषि उत्पादनका लागि आवश्यक स्रोत साधनहरुमा कृषकहरुको पहुँच सरल र सहज बनाउने, सिंचाइ सुविधा विस्तार गर्ने, आधारभूत कृषि उपजहरुको उत्पादन वृद्धि गर्न पकेट क्षेत्र विकास गर्ने, रैथाने कृषि बालीको संरक्षण गर्ने, उच्च मूल्ययुक्त कृषि उपजको उत्पादनमा लगानी प्रवर्द्धन गर्ने, उत्पादित कृषि उपज भण्डारण र बजारीकरण गर्ने, माटोको उर्बरा शक्ति संरक्षण गर्ने, कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्ने, कृषिमा आधारित उद्योगहरुलाई प्रोत्साहित गर्ने।

४. **सामाजिक क्षेत्रः-** आधारभूत स्वास्थ सेवामा प्रदेशवासीको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न सहयोग गर्ने, सदाचार र सामाजिक अनुशासन प्रवर्द्धन गर्ने, प्रदेशवासीलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने, खानेपानीको गुणस्तर परीक्षण सुविधालाई सरल र सहज बनाउने, आधारभूत सरसफाई सेवा सुनिश्चित गर्ने।

५. **रोजगारी सिर्जनाः-** प्राविधिक एवं व्यवसायिक शिक्षा प्रवर्द्धन गर्ने, सीपमूलक तालिम उपलब्ध गराउँने, स्वरोजगारीका लागि वित्तीय सहयोग गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने ।

६. **पर्यटन क्षेत्रको विकासः-** मौलिक कला, संस्कृति र ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्ने, पर्यटकीय पूर्वाधार विकासमा लगानी गर्ने, धार्मिक तथा मनोरञ्जनात्मक पर्यटन विकास गर्ने, आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने, पर्यटन क्षेत्रलाई उद्योगको रुपमा विकास गर्ने।

७. **सामाजिक न्यायः-** प्रदेशको स्रोत र साधनमा सीमान्तीकृत समुदाय र समूहको पहुँच अभिवृद्धि गर्ने, प्रदेशवासीको न्यायमा पहुँच अभिवृद्धि गर्ने, गरिबी निवारण गर्ने।

८. **औद्योगिक विकास र निजी क्षेत्र प्रवर्द्धनः-** औद्योगिक पूर्वाधारमा लगानी गर्ने, अर्थतन्त्रमा आएको संकुचनका कारण उद्यम व्यवसायमा परेको प्रतिकूल प्रभाव न्यून गर्न विशेष सहुलियत प्रदान गर्ने, प्रदेशको आर्थिक सामाजिक विकासमा निजी क्षेत्रसँग रहेको सीप, पुँजी र अनुभव उपयोग गर्ने, लगानीमैत्री वातावरण सिर्जना गर्ने, बागमती प्रदेशको मौलिक पहिचान भएका हस्तकला उत्पादनहरुलाई प्रोत्साहन गर्ने, हस्तकलाग्राम निर्माण गरी सञ्चालनमा ल्याउने, उद्योगग्राम सञ्चालन गर्ने।

९. **वातावरण संरक्षण र विपद् व्यवस्थापनः-** विपद् व्यवस्थापनलाई प्रदेशको शासन सञ्चालन र विकास प्रयासमा आन्तरिकीकरण गर्ने, वन क्षेत्रको दिगो विकास र वातावरण संरक्षणमा लगानी गर्ने, वायु प्रदूषण नियन्त्रण गर्ने, कार्बन उत्सर्जन न्यून गर्ने, फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गर्ने।

१०. प्रदेशको संस्थागत विकास र सबलीकरण गर्दै सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास व्यवस्थापन गर्न आगामी बजेटले मार्ग प्रशस्त गर्ने विश्वास लिएको छु। साथै, समावेशी र सन्तुलित आर्थिक विकासका माध्यमबाट समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माणमा बजेटले सघाउ पुर्याउने अपेक्षा गरेको छु। आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सम्बन्धमा प्रस्तुत सिद्धान्त र प्राथमिकता उपर प्रदेश सभाका माननीय सदस्यहरुबाट रचनात्मक सुझाब र सल्लाह प्राप्त हुने आशा गरेको छु। माननीय सदस्यहरुबाट प्राप्त हुने सुझाव र सल्लाह आगामी आर्थिक वर्षको बजेट तर्जुमामा महत्वपूर्ण आधारको रुपमा रहने विश्वास दिलाउन चाहन्छु।

**धन्यवाद्**